नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
**वैदेशिक रोजगार विभाग**
ताहाचल, काठमाडौं
नेपाल।

प.सं. ०८०/०८१
चलानी नम्बरः-

# पासपोर्टको म्याद सम्बन्धी अत्यन्त जरुरी सूचना
## प्रकाशित मिति : २०८०/०३/१२

मिति २०८०/०३/११ मा प्रकाशित सूचना बमोजिम https://ferms.dofe.gov.np मा गई इजरायलको दीर्घकालीन स्याहार केन्द्रका लागि योग्यता पुगेका इच्छुक आवेदकहरुले फारम भर्दा सूचनामा उल्लेख भए बमोजिम आवश्यक न्यूनतम योग्यतामा *"प्रवेशाज्ञा लिने प्रयोजनका लागि पासपोर्टको म्याद समाप्त हुने कम्तिमा ३ वर्ष"* बाँकी हुनु पर्ने भनिएको छ । Implementation Protocol मा यही व्यवस्था भएको कारणले सूचनामा सोही उल्लेख गरिएको हो । यसबाट आवेदकहरुलाई द्विविधा परेको व्यहोरा जानकारीमा आयो । तसर्थ, पछि इजरायलबाट Namecheck गर्ने समयमा कम्तिमा १ वर्ष म्याद भएको पासपोर्ट मात्र स्वीकार गरिने हुँदा हाललाई प्रणालीमा कम्तिमा १ वर्ष २ महिना अर्थात १४ महिना म्याद बाँकी रहेको पासपोर्टलाई आवेदन प्रयोजनका लागि अनुमति दिएको व्यहोरा सरोकारवालाको जानकारीका लागि यो सूचना जारी गरिएको छ ।

महानिर्देशक

टेलिफोन नं: ०१-४७९२६१६, ४७९२६७१, ४७९२६४८, ४७९२७११०, ४७९२६५८ फ्याक्स नं: ०१-४७९२६०६
Email.: info@dofe.gov.np, website: www.dofe.gov.np